


NRNA JAPAN
Non-Resident Nepali Association



सांगठनिक प्रतिबेदन

गैरआवासीय नेपाली संघ राष्ट्रीय

समन्वय परिषद् जापान

2025-2027

कार्यसमिति (२०२५-२७) :





लेखापरीक्षण तथा औषधि व्यवस्थापन समिति:



धन्यवाद तथा प्रतिबद्धता

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको सन् २०२५—२०२७ कार्यकालका लागि मिति २०२५ जुलाई २७ तारिख सम्पन्न निर्वाचनमार्फत अमूल्य मत प्रदान गरी हामीलाई विश्वासका साथ जिम्मेवारी सुम्पिनुहुने सम्पूर्ण जापानवासी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूप्रति वर्तमान कार्यसमितिको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं। यहाँहरूले हामीमाथि गर्नुभएको विश्वास र सुम्पिनुभएको जिम्मेवारीलाई उच्च सम्मान गर्दै इमानदारी, कर्मनिष्ठा र पूर्ण प्रतिबद्धताका साथ निर्वाह गर्ने प्रण गर्दछौं। जापानवासी नेपालीहरूको हक, हित, अधिकार तथा सुरक्षाका पक्षमा सदैव आवाज उठाउँदै नेपाली समुदायको एकता, सहकार्य र आपसी सद्भावलाई मजबुत बनाउने दिशामा निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दछौं। साथै, मातृभूमि नेपालको राष्ट्रिय हित, प्रतिष्ठा र समृद्धिलाई केन्द्रमा राख्दै संघको उद्देश्य र मर्मअनुरूप अघि बढ्ने विश्वास दिलाउन चाहन्छौं। यहाँहरूको विश्वास, साथ, सहयोग र सद्भाव नै हाम्रो कार्यसम्पादनको मुख्य प्रेरणाशक्ति हो। हार्दिक धन्यवाद!

संरक्षकज्यूहरू

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको सन् २०२४ मा संशोधित विधानमा भएको व्यवस्थाअनुसार निवर्तमान अध्यक्ष प्रमुख संरक्षक रहने र यसअघिका पूर्वअध्यक्षहरू संरक्षक रहने प्रावधान रहेको छ। सोही विधानको व्यवस्था तथा भावनालाई आत्मसात् गर्दै वर्तमान राष्ट्रिय समन्वय परिषद् जापानको कार्यसमितिले निवर्तमान अध्यक्षज्यूलाई प्रमुख संरक्षक तथा पूर्वअध्यक्षज्यूहरूलाई संरक्षकका रूपमा रहने गरी व्यवस्था गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। संस्थाको निरन्तरता, संस्थागत अनुभव, अभिभावकीय मार्गदर्शन तथा संगठनात्मक एकतालाई थप सुदृढ बनाउने उद्देश्यले यो व्यवस्था गरिएको हो।

नवीन निउरे — प्रमुख संरक्षक

राजन प्रधानाङ्ग

भवन भट्ट

रोशन केसी

ओम गुरुङ

परसमणि पोखरेल

सुदन थापा

देवी लाल भण्डारी

शिवप्रसाद पौडेल


टासी वाङ्दी लामा

शिवप्रसाद पौडेल

बिशेषज्ञ समिति

१ जीज्ञान कुमार थापा (राजीनामा स्विकृत)
२ तिलक मल्ल
३ सालिक राम भण्डारी
४ भुपि गोविन्द श्रेष्ठ
५ प्रकाश पौडेल (माइला)
६ कालिका थापा
७ डा. सरोज कँडेल
८ डा. बलराम उपाध्याय
९ भरत नेगी
१० ईश्वर गुरुङ
११ विश्वेश्वर रेग्मी

सल्लाहकार समिति


१ सिद्धार्थ श्रेष्ठ
२ देवराज उप्रेती
३ हवल चन्द्र लामा
४ सुरेश चन्द्र उपाध्याय
५ यम खत्री
६ सुमित खत्री
७ सावित्री लोचन
८ केशर गिरी
९ यामकान्त कँडेल
१० लोकनाथ बस्ती
११ दीपक कँडेल
१२ शिशिर लिम्बू
१३ श्यामहरी तिमिल्सिना
१४ रमेश डंगोल
१५ निर्मल शर्मा
१६ राजन भट्टाराई
१७ देवेन्द्र खड्का
१८ डिका कार्की
१९ विमल जिएम
२० विष्णु रेग्मी
२१ गौरी शंकर गैरे

मानार्थ समिति सदस्य

१ शम्भु केसी २ किरण थापामगर३ मोहन सिंह मडै ४ सुमन सुवेदी ५ नन्दरराज रेग्मी ६ खेम बहादुर गलामी ७ विराट खनाल ८ गोविन्द भुषाल ९ युवराज गुरुङ १० अशोक शर्मा गोपाल ११ कृष्ण भण्डारी १२ शिव प्रसाद रिमाल १३ नरेश वली १४ महेन्द्र केसी १५ सुसन बस्नेत १६ गोविन्द गुरुङ १७ जितेन्द्र केसी १८ ध्रुव अधिकारी १९ फडिन्द्र शर्मा सुवेदी २० तेज प्रकाश गुरुङ २१ यदुमनि सापकोटा २२ इन्द्र घले २३ गौरी सापकोटा २४ जीवन क्षेत्री २५ केशव भण्डारी २६ हरि पाण्डे २७ बाबुकाजी भण्डारी २८ सि.एम. भट्टराई २९ ज्योति केसी ३० लाल बहादुर कार्की ३१ दिनेश अधिकारी ३२ प्रेम कँडेल ३३ बलेंद्र के सी

१ जापानमा क्रियाशील संघ-संस्थाहरूसँग भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०२५ अगस्ट १६ तारिख गैरआवासीय नेपाली संघ रा.स.प.जापानको आयोजनामा “संस्थागत एकता, समृद्धि र सम्भावना" भन्ने मूल नारासहित टोकियोस्थित 'Solmari Restaurant Mura Hall, शिनओकुबोमा जापानमा क्रियासिल विभिन्न संघ संस्थाको उपस्थितिमा भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

कार्यक्रमको अध्यक्षता "एनआरएनए" जापानका अध्यक्ष सुभाष लामिछानेले गर्नुभएको थियो। कार्यक्रममा जापानका लागी नेपाली राजदूत महामहिम डा. दुर्गा बहादुर सुवेदी प्रमुख अतिथिका रूपमा उपस्थित रहनु भएको थियो भने, "एनआरएनए" अन्तरिम समिति अध्यक्ष महेश श्रेष्ठ र एनआरएनए आइसिसी उपाध्यक्ष रोबिन सेरचन विशिष्ट अतिथिका रूपमा सहभागी भई आफ्ना विचार प्रस्तुत गर्नुभएको थियो ।

सम्बोधनका क्रममा अतिथिहरूले एनआरएनए जापानले समुदायबीचको एकता, सहकार्य र संस्थागत समृद्धिलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिँदै भावी सम्भावनाबारे महत्वपूर्ण दृष्टिकोण राख्खुभयो। त्यस्तै, जापानमा सक्रिय विभिन्न संघ-संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूले पनि आफ्ना धारणा राख्दै एनआरएनए जापानसँगको सहकार्य, भावी रणनीति र साझा यात्राबारे विस्तृत छलफल गर्नुभयो। सहभागीहरूले साझा उद्देश्यका लागि संवाद, समन्वय र सहकार्यलाई अझ प्रगाढ बनाउनुपर्ने आवश्यकता औल्याएका थिए।

कार्यक्रममा स्वागत मन्तव्य, संस्थागत परिचय, शुभकामना मन्तव्य, अतिथिहरूको सम्बोधन तथा खुला अन्तरक्रिया (Q&A) सत्र समेत सम्पन्न भएको थियो। अन्त्यमा कार्यक्रमका सभाध्यक्ष सुभाष लामिछानेले सबै अतिथि, सहभागी तथा सहयोगी संघ-संस्थाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै संस्थागत एकता र सहकार्यलाई अझ मजबुत बनाउँदै लैजाने दृढ प्रतिबद्धता व्यक्त गर्नुभयो ।

विभिन्न संघ-संस्थाको उत्साहजनक सहभागिता र गहन विचार, विमर्शका विच सम्पन्न यो भेटघाट तथा अन्तरक्रिया कार्यक्रमले जापानस्थित नेपाली समुदायबीचको सम्बन्ध र सहकार्यलाई नयाँ उचाइ दिने कुरामा हामी विश्वस्त छौ ।



जापानको नियम, कानूनी र सुरक्षा सम्बन्धी” कार्यक्रम सम्पन्न

मिति २०२५ अगस्ट ३० तारिक

नेपाली दूतावास टोक्यो र टोक्यो महानगर प्रहरी विभाग तथा एनआरएनए जापानको संयुक्त आयोजनामा “जापानको नियम, कानूनी र सुरक्षा सम्बन्धी” एक महत्वपूर्ण कार्यक्रम टोक्योस्थित मेगुरो पर्सिमोन हलमा भव्य रूपमा सम्पन्न गरियो ।

जापानमा बसोबास गर्ने नेपाली समुदायलाई कानूनी व्यवस्था, सुरक्षा प्रणाली तथा सामाजिक मापदण्डबारे स्पष्ट र व्यावहारिक जानकारी प्रदान गर्नु प्रमुख उद्देश्य रहेको कार्यक्रममा सहभागीहरूलाई जापानको कानूनी संरचना, सुरक्षा प्रक्रिया, दैनिक जीवनमा पालना गर्नुपर्ने नियमकानून, ठगी तथा गैरकानूनी कार्यबाट जोगिन अपनाउनुपर्ने सावधानी लगायतका विषयमा केन्द्रीत गरिएको थियो। साथै, आत्म सुरक्षासम्बन्धी आधारभूत प्राविधिक ज्ञानसमेत प्रस्तुत गरिएको थियो।

टोक्यो महानगर प्रहरीका वरिष्ठ अधिकृतहरूले जापानमा सुरक्षित र व्यवस्थित जीवनयापनका लागि आवश्यक कानूनी प्रावधान, दैनिक जीवनमा अपनाउनुपर्ने सावधानी तथा व्यावहारिक उपायहरूबारे विस्तृत जानकारी दिनु भएको थियो ।





नेपालमा विकासका लागि विप्रेषणको महत्त्व, लगानीको सम्भावना र चुनौती” बिषायक भेटघाट तथा अन्तर्क्रिया कार्यक्रम सन्पन्न






मिति २७ अगस्ट २०२५ मा

PRINCE HOTEL SHINJUKU, २५औँ तला, टोकियोमा उक्त विषयमा भेटघाट तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा जापानका लागि नेपाली राजदूत महामहिम डा. दुर्गाबहादुर सुवेदीज्यूको विशेष उपस्थिति तथा सम्बोधन रहेको थियो। साथै डा. नीलम ढुंगाना तिम्सिनाज्यू, डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक; श्री संजीवराज रेग्मीज्यू, नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय; श्री फणीन्द्र गौतमज्यू, सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; तथा श्री रोबिन प्रसाद शेरचनज्यू, उपाध्यक्ष, गैरआवासीय नेपाली संघ लगायतका विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो। कार्यक्रममा नेपालमा भित्रिने विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने, लगानीका सम्भावना विस्तार गर्ने तथा लगानीका चुनौतीहरू समाधान गर्ने विषयमा महत्वपूर्ण विचार—विमर्श गरिएको थियो। कार्यक्रमले गैरआवासीय नेपालीको पूँजी, सीप र अनुभवलाई नेपालको आर्थिक विकासमा प्रभावकारी रूपमा परिचालन गर्नुपर्ने आवश्यकतामा जोड दिएको थियो।




कालो दिन तथा शोक समवेदना कार्यक्रम

मिति २०८२ भदौ २३ र २४ गते नेपालमा भएको जेनेजी आन्दोलनका क्रममा ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरूप्रति श्रद्धाञ्जली तथा चिरशान्तिको कामना गर्दै गैरआवासीय नेपाली संघ एनआरएनए जापानले ९ सेप्टेम्बर २०२५ मा टोकियोस्थित NAKANO ZERO HALL मा “कालो दिन” तथा एक्यबद्धता एवं श्रद्धाञ्जली सभा आयोजना गरेको थियो। कार्यक्रममा जापानवासी नेपालीहरूको सहभागितामा दिवंगत आत्माहरूको चिरशान्तिको कामना गर्दै एक मिनेट मौनधारण तथा श्रद्धाञ्जली अर्पण गरिएको थियो। साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै पीडित परिवारप्रति ऐक्यबद्धता प्रकट गरिएको थियो। कार्यक्रमले दुःखद् घटनाप्रति नेपाली समुदायको गहिरो दुःख, संवेदना र एकताको भावना अभिव्यक्त गरेको थियो











टोकियो सप्ताह २०२५

मितिः २०२५ नोभेम्बर ८—१५

गैरआवासीय नेपाली संघ (NRNA) जापानको आयोजनामा बहुसांस्कृतिक केन्द्र “नेपाल हाउस” निर्माण सहयोगार्थ पहिलो पटक टोकियो सप्ताह २०२५ सफलतापूर्वक आयोजना गरिएको थियो। आठ दिनसम्म सञ्चालन भएको कार्यक्रममा वाचन प्रविण पण्डित गुरु दिनबन्धु पोखरेल तथा बौद्ध गुरु टुल्कु सोनाम गार्बाङ रिम्पोछेबाट आध्यात्मिक प्रवचन, आशीर्वाद तथा धार्मिक कार्यक्रम सञ्चालन गरिएका थिए। साथै जापानस्थित नेपाली कलाकारहरूको सहभागितामा भजन—कीर्तन तथा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएका थिए। कार्यक्रममा करिब २० हजारभन्दा बढी नेपाली समुदायको सहभागिता रहेको थियो। नेपाली धर्म, संस्कृति, परम्परा तथा सामुदायिक एकतालाई प्रवर्द्धन गर्ने उद्देश्यमा कार्यक्रम अत्यन्त सफल भएको निष्कर्ष निकालिएको थियो।

भेटघाट तथा स्वागत कार्यक्रम

मिति २८ नोभेम्बर २०२५ मा

टोकियोको Shin-Okubo स्थित Solmari Restaurant मा गैरआवासीय नेपाली संघ NRNAजापानको आयोजनामा Miss International Nepal 2025 सुश्री उषा भण्डारी तथा कार्यक्रमका CEO श्री प्रमोद कन्साकारसँग भेटघाट तथा स्वागत कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा नेपाली समुदायका प्रतिनिधि तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सुश्री भण्डारीलाई बधाई तथा शुभकामना व्यक्त गर्दै नेपालको कला, संस्कृति र पर्यटनलाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न उहाँको भूमिकाबारे छलफल गरिएको थियो। कार्यक्रमले जापानस्थित नेपाली समुदाय र नेपालको प्रतिनिधित्व गर्ने युवा प्रतिभाबीचको सम्बन्धलाई थप सुदृढ बनाएको थियो





टोकियो सप्ताह २०२५ को आय–व्यय सार्वजनिक

मिति: २०२५ डिसेम्बर १३

टोकियो सप्ताह २०२५ को आय–व्यय सार्वजनिक कार्यक्रम नेपाली कार्यवाहक राजदूत तथा उपनियोग प्रमुख श्री हरिहर कान्त पौडेलज्यूको प्रमुख आतिथ्यमा सम्पन्न गरिएको थियो। कार्यक्रममा आर्थिक व्यवस्थापन समिति संयोजक तथा एनआरएनए जापानका कोषाध्यक्ष श्री मुक्तिराज रेग्मीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। उहाँका अनुसार कार्यक्रममा कुल ११ करोड २ लाख ६४ हजार ६ सय ६५ येन प्रतिबद्धता प्राप्त भएको, १ करोड ९५ लाख ९४ हजार ९ सय ९७ येन नगद संकलन भएको तथा १ करोड ६३ लाख ६७ हजार ५ सय ८८ येन खर्च भएको जानकारी गराइएको थियो।









Meet & Greet Program

मिति २०२६ जनवरी ४ तारीख

जापान भ्रमणकोलागी आउनु भएका गैरआवासीय नेपाली संघ (NRNA) अन्तर्राष्ट्रिय समन्वय परिषदका उपाध्यक्ष डा. हेमराज शर्माज्यू सँग प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया कार्यक्रम gazebo restaurant शिन ओकूबोमा सम्पन्न गरियो । उक्त कार्यक्रममा डा. हेमराज शर्माज्यूसँग प्रत्यक्ष संवाद, विचार आदान—प्रदान, आपसी चिनजानका साथै साझा प्रतिबद्धता, एकता र संस्थागत मजबुतीको उद्देश्यसहित एनआरएनए अभियानको पछिल्लो एकता प्रक्रिया तथा एकता महाधिवेशनका सन्दर्भमा केन्द्रित परिचय, अन्तरक्रिया तथा विचार-विमर्श प्रस्तुत गरिएको थियो ।

क्षेत्रीय भेला सम्पन्न ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको आयोजनामा सन् २०२६ जनवरी ११ तारिखका दिन SENDAI BUSINESS SUPPORT CENTER HALL सेन्दाइ क्षेत्रमा १२ वटै क्षेत्रीय समितिहरूको सहभागितामा क्षेत्रीय भेला भव्य रूपमा सम्पन्न भएको थियो। ग़ैर आवासीय नेपाली संघ आईसीसीका अध्यक्ष महेश कुमार श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न उक्त भेलामा जापानका १२ वटै क्षेत्रीय समितिहरूले आ—आफ्नो क्षेत्रमा सम्पन्न गरेका गतिविधि तथा कार्यक्रमहरूको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुका साथै आगामी कार्ययोजनाहरूबारे जानकारी गराएका थिए। भेलाले क्षेत्रीय समितिहरूबीच आपसी समन्वय, सहकार्य र संस्थागत गतिविधिलाई थप प्रभावकारी बनाउने विषयमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो। यसै क्रममा चिबा क्षेत्रीय समितिले आफ्नो क्षेत्रमा सम्पन्न गरेका गतिविधि, उपलब्धि तथा आगामी योजनाहरू समेटिएको उत्कृष्ट प्रतिवेदन प्रस्तुत गर्दै उत्कृष्ट प्रतिवेदन सम्मान प्राप्त गर्न सफल भएको थियो। समग्रमा, उक्त क्षेत्रीय भेलाले एनआरएनए जापानका क्षेत्रीय समितिहरूको कार्यसम्पादनको समीक्षा गर्दै आगामी दिनमा संस्थागत गतिविधिहरूलाई थप व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक बनाउने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।











जापानको परिवर्तित नियम, कानुन तथा सुरक्षा सम्बन्धी बृहद् गोष्ठी

२०२६ गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको पहल तथा बिहुँकोट समाज जापानसँगको सहकार्यमा जापानमा रहेका नेपाली समुदायलाई परिवर्तित नियम, कानुन तथा सुरक्षा सम्बन्धी विषयमा सचेत गराउने उद्देश्यले 'जापानको परिवर्तित नियम, कानुन र सुरक्षा सम्बन्धी बृहद् गोष्ठी २०२६' आयोजना गर्ने कार्यक्रम तय गरिएको थियो।

उक्त कार्यक्रम सन् २०२६ जनवरी ३१, शनिबार, दिउँसो १ बजे टोकियोस्थित Nogata Keisatsu Chyo, Nakano-ku मा आयोजना गरिएको थियो। कार्यक्रममा नोगाता प्रहरीका प्रतिनिधि र दिनेश राज ज्ञवाली वक्ताका रूपमा रहनु भएको थियो। कार्यक्रमको उद्देश्य जापानमा बसोबास गर्ने नेपाली नागरिक तथा समुदायलाई जापानका परिवर्तित नियम, कानुन र सुरक्षा व्यवस्थाबारे जानकारी प्रदान गर्नु, कानुनी सचेतना अभिवृद्धि गर्नु, जापानी कानुनको पालना गर्न प्रेरित गर्नु तथा नेपाली समुदाय र जापानी प्रहरी प्रशासनबीच आपसी समन्वय र सहकार्यलाई सुदृढ बनाउनु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो।

कार्यक्रमको महत्व जापानमा नेपाली समुदायको उपस्थिति विस्तार हुँदै गएको वर्तमान अवस्थामा यहाँको कानुनी व्यवस्था, सामाजिक अनुशासन, व्यक्तिगत सुरक्षा तथा सार्वजनिक सुरक्षासम्बन्धी विषयमा सही जानकारी प्राप्त गर्नु अत्यन्त आवश्यक छ। यसै आवश्यकतालाई मध्यनजर गर्दै राष्ट्रिय समन्वय परिषद् जापानले नेपाली समुदायलाई सचेत, जिम्मेवार र सुरक्षित बनाउन यस्ता जानकारीमूलक तथा सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिएको छ। यस कार्यक्रममार्फत जापानमा बसोबास गर्ने नेपालीहरूले जापानको कानुनी प्रावधानबारे जानकारी प्राप्त गर्ने, सम्भावित समस्याबाट बच्ने उपाय सिक्ने तथा आवश्यक पर्दा सम्बन्धित निकायसँग सम्पर्क र समन्वय गर्ने विषयमा सहयोग पुग्ने अपेक्षा गरिएको थियो।

महानायक राजेश हमालसँग उत्प्रेरणात्मक कार्यक्रम

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको आयोजनामा नेपाली चलचित्र क्षेत्रका महानायक राजेश हमालसँग ‘सपना, साधना र सफलता’ विषयक विशेष उत्प्रेरणात्मक कार्यक्रम आयोजना गरिएको थियो। जापानका लागि नेपाली कार्यवाहक राजदूत महामहिम हरिहरकान्त पौडेलज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा महानायक राजेश हमालले आफ्नो जीवन अनुभव, संघर्ष, साधना तथा सफलताको यात्रामार्फत नेपाली समुदायलाई प्रेरणा प्रदान गर्ने उद्देश्य राखिएको थियो। कार्यक्रममा अन्तरास्ट्रिय नेपाली साहित्य समाज जापानले सहआयोजकका रूपमा सहकार्य गरेको थियो।

टोकियोस्थित नाकानो जिरो हलमा आयोजना गरिएको उक्त कार्यक्रमको मुख्य उद्देश्य जापानमा रहेका नेपालीहरूलाई सकारात्मक सोच, आत्मविश्वास, निरन्तर मेहनत र लक्ष्यप्रति समर्पित भएर अघि बढ्न प्रेरित गर्नु रहेको थियो। विशेषगरी प्रवासमा रहेर विभिन्न पेसा, व्यवसाय तथा सामाजिक क्षेत्रमा सक्रिय नेपालीहरूलाई आफ्ना सपना पूरा गर्न, चुनौतीहरूको सामना गर्न र जीवनमा सफलता हासिल गर्न प्रोत्साहित गर्ने लक्ष्य राखिएको थियो। यसका साथै, नेपाली कला, संस्कृति र व्यक्तित्वको सम्मान गर्दै जापानस्थित नेपाली समुदायबीच आपसी सद्भाव, एकता र सकारात्मक भावनाको विकास गर्ने उद्देश्यसमेत राखिएको थियो।

















११६ औ अन्तर्राष्ट्रिय महिला दिवस कार्यक्रम सम्पन्न

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् जापानको आयोजना तथा साहित्यिक चौतारी नेपाल जापान शाखाको सह–आयोजनामा “Give to Gain” अर्थात् “नारीको सम्मान, राष्ट्रको अभिमान” भन्ने मूल नाराका साथ ११६औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा विशेष कार्यक्रम आयोजना गरिएको थियो।

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् जापानकी महिला संयोजक मञ्जु गिरीज्यूको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रम जापानका लागि नेपाली कार्यवाहक राजदूत महामहिम हरिहरकान्त पौडेलज्यूको प्रमुख आतिथ्यतामा आयोजना गरिएको उक्त कार्यक्रममा जापानवासी नेपाली महिलाहरूको सम्मान, अधिकार, सशक्तीकरण तथा सामाजिक योगदानलाई प्रोत्साहन गर्ने उद्देश्यसहित महिला अधिकार, समान अवसर, सामाजिक सहभागिता तथा नेपाली कला, संस्कृति र पहिचानको संरक्षणमा महिलाहरूले पुऱ्याउँदै आएको योगदानबारे चर्चा गरिएको थियो। साथै, महिलाहरूको सम्मान, आत्मविश्वास र नेतृत्व विकासलाई प्रोत्साहन गर्दै सामूहिक सहकार्य र एकताको भावनालाई थप मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरिएको थियो। यस कार्यक्रमले जापानवासी नेपाली महिलाहरूबीच आपसी सद्भाव, एकता र सहकार्य अभिवृद्धि गर्नुका साथै महिला सशक्तीकरण र सामाजिक उत्तरदायित्वप्रति सकारात्मक सन्देश प्रवाह गरेको विश्वास लिइएको छ ।

विद्यार्थीका लागि झोला वितरण कार्यक्रम सम्पन्न





एनआरएनए जापानको सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन हुँदै आएको “विद्यार्थीका लागि झोला कार्यक्रम” अन्तर्गत नेपालका विभिन्न जिल्लामा अध्ययनरत विद्यार्थी तथा असहाय र अनाथ बालबालिकाहरूलाई विद्यालय झोला वितरण कार्यक्रम सम्पन्न गरिएको छ।

यसै क्रममा बागलुङ जिल्लाको जैमिनी नगरपालिका–१, कुश्मिसेरास्थित ज्ञानज्योति विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई २१ थान विद्यालय झोला वितरण गरिएको छ। त्यस्तै, पर्वत जिल्लाको कुश्मा नगरपालिका–१० स्थित जनक माध्यमिक विद्यालयमा कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकाहरूलाई पनि झोला वितरण गरिएको छ। साथै, साझा सहयात्री नेपाल पुगेर असहाय तथा अनाथ बालबालिकाहरूलाई झोला वितरण गर्ने प्रयास गरिएको थियो। सो अवसरमा संस्थाकी सञ्चालिका गीता केसी दर्नालज्यूसँग महत्वपूर्ण भेटघाटसमेत भएको थियो।



एनआरएनए जापानका अध्यक्ष सुभाष लामिछानेज्यूको प्रत्यक्ष सहभागितामा सम्पन्न यी कार्यक्रमहरूले ग्रामीण क्षेत्रका विद्यार्थी तथा असहाय बालबालिकाहरूलाई शिक्षाप्रति थप उत्साह र प्रेरणा प्रदान गर्ने विश्वास लिइएको छ। शिक्षाको यात्रामा सानो सहयोगले पनि ठूलो परिवर्तन ल्याउन सक्छ भन्ने विश्वासका साथ एनआरएनए जापानले गत कार्यकालदेखि निरन्तर सञ्चालन गर्दै आएको यस अभियानलाई आगामी दिनहरूमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछौ ।





तेस्रो एनआरएनए फुटसल रनिङ कप—२०२६ सम्पन्न







गैरआवासीय नेपाली संघ जापानको आयोजना तथा एनआरएनए जापान शिजुओका क्षेत्रीय समितिको सहआयोजनामा “नेपालीका लागि नेपाली, युवाका लागि खेलकुद” भन्ने नारासहित सन् २०२६ अप्रिल ५ तारिख आइतबार जापानको शिजुओका प्रिफेक्चरस्थित फुजीमा तेस्रो एनआरएनए फुटसल रनिङ कप—२०२६ आयोजना गरिएको थियो।

जापानका विभिन्न स्थानबाट १४ वटा टोलीको सहभागिता रहेको उक्त प्रतियोगितामा मर्करी एफसी टोकियोले प्रथम स्थान हासिल गर्न सफल भएको थियो। प्रतियोगिताको मुख्य उद्देश्य जापानमा रहेका नेपाली युवाहरूको खेलकुद प्रतिभा विकास गर्नु, आपसी एकता र भाइचारा अभिवृद्धि गर्नु तथा नेपाली समुदायलाई खेलकुदका माध्यमबाट एकताबद्ध बनाउनु रहेको थियो।

प्रतियोगिताको विजेता डिफेन्डिङ च्याम्पियन Mercury FC बनेको थियो जसले रनिङ कप ट्रफी, विजेता ट्रफी, मेडल र नगद ४ लाख पुरस्कार हात पारेको छ। उपविजेता Oizumi FC ले ट्रफी, मेडल र नगद २ लाख प्राप्त गरेको थियो । सेमिफाइनलिस्ट Friends FC र Piro Sports लाई ट्रफी तथा जनही ५० हजार नगद पुरस्कार प्रदान गरिएको थियो ।

यस प्रतियोगिताले नेपाली युवाहरूलाई खेलकुदमा प्रोत्साहित गर्नुका साथै जापानस्थित नेपाली समुदायबीच आपसी सद्भाव, सहकार्य र संस्थागत एकता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको थियो।

टोकियो म्याराथुन २०२६ का नेपाली धावकहरूको स्वागत तथा सम्मान कार्यक्रम सम्पन्न।







गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको आयोजनामा मिति २६ फेब्रुअरी २०२६ का दिन टोकियोको शिनओकुबोस्थित गाजेबो रेस्टुरेन्टमा टोकियो म्याराथन २०२६ मा सहभागी नेपाली धावकहरूको स्वागत तथा सम्मान कार्यक्रम सम्पन्न भयो।

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का वरिष्ठ उपाध्यक्ष श्री रोबिन प्रसाद सेरचनज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा आईसीसीका पदाधिकारी तथा सदस्यज्यूहरू, एनसीसी जापानका अग्रज अभियन्ताज्यूहरू, विभिन्न संघ–संस्थाका प्रतिनिधिज्यूहरू तथा जापानवासी नेपालीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

कार्यक्रममा टोकियो म्याराथन २०२६ मा सहभागी नेपाली धावकहरूलाई स्वागत तथा सम्मान गर्दै उहाँहरूको मेहनत, लगनशीलता र खेलकुदप्रतिको समर्पणको प्रशंसा गरियो। साथै, अन्तर्राष्ट्रिय खेलकुदमार्फत नेपालको पहिचान र प्रतिष्ठा अभिवृद्धि गर्न उहाँहरूले पुऱ्याउनुभएको योगदानको कदर गर्दै आगामी दिनमा समेत खेलकुद क्षेत्रमा सक्रिय रहन प्रोत्साहित गरियो।











जापानव्यापी रक्तदान कार्यक्रम २०२६ सम्पन्न।

नेपाली नयाँ वर्ष २०८३ को अवसरमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको आयोजनामा जापानका १२ वटै क्षेत्रीय समितिहरूको सहकार्यमा जापानव्यापी रक्तदान कार्यक्रम १९ अप्रिल २०२६, आइतबारका दिन सम्पन्न भयो।

उक्त कार्यक्रमको मुख्य उद्देश्य रक्तदानमार्फत मानवीय सेवा, सामाजिक उत्तरदायित्व र मानवताको भावना अभिवृद्धि गर्नुका साथै जापानमा नेपाली समुदायको सामाजिक योगदानलाई थप सशक्त बनाउनु रहेको थियो।

यस कार्यक्रमले जापानमा रहेका नेपाली समुदायलाई मानवीय सेवाको कार्यमा एकजुट गराउँदै रक्तदानको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्न सकारात्मक योगदान पुऱ्याएको छ। साथै, नेपाली नयाँ वर्षको अवसरलाई सामाजिक सेवासँग जोड्दै परोपकारी कार्यमा सामूहिक सहभागिता र सहकार्यको उत्कृष्ट सन्देश प्रवाह गरेको छ।

२५७०औँ बुद्ध जयन्ती विशेष कार्यक्रम सम्पन्न।

नेपाली राजदूतावास, टोकियोको संयोजन तथा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापान र नेपाल आदिवासी जनजाति महासंघ, जापानको संयुक्त आयोजनामा २५७०औँ बुद्ध जयन्तीको पावन अवसरमा वि.सं. २०८३ साल वैशाख १९ गते (२ मे २०२६), शनिबारका दिन टोकियोस्थित रेयुकाई मुख्यालयमा विशेष समारोह आयोजना गरिएको थियो।

भगवान् गौतम बुद्धका शान्ति, अहिंसा, करुणा, मैत्री र सहअस्तित्वका सन्देशलाई विश्वभर प्रवर्द्धन गर्ने तथा जापानमा रहेका नेपाली समुदायबीच धार्मिक, सांस्कृतिक र सामाजिक सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो।

यस समारोहले बुद्धका आदर्श र शिक्षाको महत्त्व उजागर गर्नुका साथै नेपाली मौलिक संस्कृति, धार्मिक सम्पदा र पहिचानको संरक्षण तथा प्रवर्द्धनमा सकारात्मक योगदान पुऱ्याएको विश्वास लिइएको छ। साथै, जापानमा क्रियाशील नेपाली संघसंस्थाबीच आपसी सहकार्य, एकता र समन्वयलाई थप सुदृढ बनाउनसमेत कार्यक्रम उपयोगी रहेको थियो।

कार्यक्रम सफल बनाउन संयोजन तथा सहकार्य गर्नुहुने नेपाली राजदूतावास, टोकियो, नेपाल आदिवासी जनजाति महासंघ, जापान, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सम्पूर्ण सहयोगीहरूप्रति गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापान हार्दिक आभार व्यक्त गर्दछ।











नेपाल—जापान सम्बन्ध र प्रवासी नेपाली एकता विषयक 'महासंवाद २०२६'कार्यक्रम





गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापान तथा गोर्खा समाज जापानको संयुक्त आयोजनामा नेपाल—जापान सम्बन्ध र प्रवासी नेपाली एकताको विषयमा केन्द्रित 'महासंवाद २०२६' कार्यक्रम सन् २०२६ अक्टोबर २० आइतबारका दिन साँझ ६:०० बजेदेखि ९:०० बजेसम्म जापानको शिन्जुकु सांस्कृतिक केन्द्रमा आयोजना गर्ने कार्यक्रम सम्पन्न गरियो ।

उक्त कार्यक्रममा पूर्व परराष्ट्र सचिव, पूर्व राजनैतिक सल्लाहकार तथा पूर्व राजदूत डा. मदनकुमार भट्टराई र सञ्चारकर्मी, कार्यक्रम निर्देशक तथा प्रधान सम्पादक राजेन्द्र बानियाँ वक्ताका रूपमा आमन्त्रित हुनुहुन्थ्यो।

नेपाल—जापानबीचको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने, जापानमा रहेका नेपाली समुदायबीच एकता, सहकार्य र आपसी सद्भाव अभिवृद्धि गर्ने तथा प्रवासी नेपालीका साझा चासो र सरोकारका विषयमा विचार—विमर्श गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो।



यस कार्यक्रमले नेपाल र जापानबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन तथा जापानस्थित नेपाली समुदायबीच एकता र सहकार्यको भावना अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको थियो।





नागरिक सहायता कक्ष सञ्चालन

जापानमा बसोबास गर्ने नेपाली नागरिकहरूलाई नेपाली राजदूतावासबाट प्रदान गरिने कूटनीतिक तथा प्रशासनिक सेवा सहज, सरल र प्रभावकारी रूपमा उपलब्ध गराउने उद्देश्यले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए) जापानको सहकार्यमा मिति २०२६ जुन २० तारिखदेखि नागरिक सहायता कक्ष स्थापना गरी सञ्चालनमा ल्याइएको हो।


उक्त सहायता कक्ष सञ्चालनमा ल्याउने क्रममा आयोजित कार्यक्रममा एनआरएनए जापानका अध्यक्ष सुभाष लामिछाने, कार्यवाहक राजदूत हरिहरकान्त पौडेल, एनआरएनए जापानका पूर्वअध्यक्ष नवीन न्यौरे, प्रवक्ता सचिन आचार्य, नेपाल आदिवासी जनजाति महासंघ जापानका कार्यवाहक अध्यक्ष बुद्धि गौचन, मगर संघ जापानका अध्यक्ष भिक्टर थाडा मगरलगायत नेपाली राजदूतावासका कर्मचारीहरूको सहभागिता रहेको थियो। यस नागरिक सहायता कक्षमार्फत जापानमा रहेका नेपाली नागरिकहरूलाई दूतावासबाट प्राप्त हुने सेवासम्बन्धी आवश्यक जानकारी, परामर्श तथा सहजीकरण उपलब्ध गराउने उद्देश्य राखिएको छ। नेपाली समुदायको हित, सेवा प्रवाहमा सहजता र दूतावास तथा नेपाली समुदायबीचको समन्वयलाई थप प्रभावकारी बनाउने उद्देश्यले एनआरएनए जापानले यस कार्यमा सहकार्य गर्दै आएको थियो।

हाल उक्त नागरिक सहायता कक्ष नेपाली राजदूतावास परिसरबाट सञ्चालनमा ल्याइएको भए तापनि सञ्चालनका क्रममा देखिएका विभिन्न व्यावहारिक समस्याहरूका कारण हाल नागरिक सहायता कक्ष एनआरएनए जापानको कार्यालयबाट सञ्चालन हुँदै आएको छ। यसमार्फत जापानमा रहेका नेपाली नागरिकहरूलाई आवश्यक जानकारी, परामर्श तथा दूतावासीय सेवा प्राप्त गर्न सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ।





इशिकावा भूकम्पपीडितलाई मानवीय सहयोग गरेको सम्मानमा नानाओ नगरबाट प्राप्त कृतज्ञता पत्र





सन् २०२४ मा जापानको इशिकावा प्रिफेक्चरमा गएको विनाशकारी भूकम्पबाट प्रभावित नागरिकहरूलाई राहत तथा मानवीय सहयोग पुऱ्याउने कार्यमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापान तथा जापानस्थित नेपाली समुदायले सक्रिय योगदान गरेको थियो। उक्त योगदानको उच्च मूल्याङ्कन गर्दै सन् २०२६ अगस्ट ५ तारिखका दिन नानाओ नगरले 感謝状 (कृतज्ञता पत्र) प्रदान गरी सम्मान गरेको थियो। उक्त सम्मानपत्र NRNA जापानका अध्यक्ष सुवास लामिछाने र निवर्तमान अध्यक्ष नवीन निउरेले ग्रहण गर्नुभएको थियो। यो सम्मान NRNA जापानको संस्थागत योगदानका साथै विपत्तिको समयमा एकताबद्ध भई मानवीय सेवामा समर्पित सम्पूर्ण जापानवासी नेपाली समुदायको सेवाभाव र योगदानको कदर हो।











१५औँ नेपाल फेस्टिभल—२०२६

नेपाली राजदूतावास टोकियो, गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (NRNA NCC) जापान तथा नेपाल आदिवासी जनजाति महासंघ जापानको संयुक्त आयोजनामा २०२६ जुलाई १८, १९ र २० गते टोकियोको ओदाईवा पार्कमा १५औँ नेपाल फेस्टिभल—२०२६ भव्य रूपमा आयोजना गरिएको थियो।

नेपाल र जापानबीचको मैत्री सम्बन्धलाई अझ सुदृढ बनाउने, नेपालको पर्यटन, कला, संस्कृति, भाषा, परम्परा, हस्तकला तथा नेपाली परिकारको प्रवर्द्धन गर्ने उद्देश्यका साथ तीन दिनसम्म विविध सांस्कृतिक, पर्यटन तथा व्यावसायिक कार्यक्रमहरू गरिएको थियो। फेस्टिभलमा नेपाली तथा जापानी कलाकारहरूको सांस्कृतिक प्रस्तुति, विभिन्न जातीय समुदायका सांस्कृतिक झाँकी, पर्यटन प्रवर्द्धन, नेपाली हस्तकला तथा नेपाली खानाका परिकारहरूको प्रदर्शनी र बिक्री—वितरण गरिएको थियो।

उद्घाटन समारोहमा जापान सरकारका संसदीय उपमन्त्री (Parliamentary Vice-Minister) माननीय नागाइ मानाबु सामा प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो। साथै, प्रतिनिधिसभा सदस्य माननीय ज्ञानेन्द्र शाही, प्रतिनिधिसभा सदस्य माननीय खगेन्द्र सुनार, जापानका लागी कार्यवाहक नेपाली राजदूत हरिहरकान्त पौडेल एनआरएनए आईसीसीका वरिष्ठ उपाध्यक्ष रोबिन प्रसाद शेरचन, नेपाल आदिवासी जनजाति महासंघ जापानका कार्यबाहक अध्यक्ष बुद्धि गौचन, एनआरएनए आईसीसीका निबर्तमान अध्यक्ष महेश कुमार श्रेष्ठ लगायत जापान सरकारका प्रतिनिधि, विभिन्न संघ—संस्थाका पदाधिकारी तथा विशिष्ट अतिथिहरूको गरिमामय उपस्थिति रहेको थियो। फेस्टिभलमा हजारौँ नेपाली तथा जापानी नागरिकहरूको उत्साहजनक सहभागिता रहेको थियो। यस कार्यक्रमले नेपालको कला, संस्कृति, पर्यटन तथा नेपाली मौलिक पहिचानलाई जापानी समाजमाझ प्रवर्द्धन गर्नुका साथै नेपाल—जापानबीचको मैत्री सम्बन्धलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

नेपाल फेस्टिभल—२०२६ को सफल आयोजनाका लागि आयोजक संस्थाहरू, मूल आयोजक समिति, विभिन्न उपसमितिहरू, स्वयंसेवकहरू, प्रायोजकहरू, कलाकारहरू, सञ्चारकर्मीहरू तथा प्रत्यक्ष—अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति राष्ट्रिय समन्वय परिषद् जापान हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछ।










भोटेकोसी बाढीपीडितप्रति श्रद्धाञ्जली सभा सम्पन्न

भोटेकोसी नदीमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्ने उद्देश्यले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए) जापानको आयोजनामा मिति २०२६ सेप्टेम्बर ५ तारिख शनिबार टोकियोस्थित सोलमारी मुरा हलमा श्रद्धाञ्जली सभा सम्पन्न गरिएको थियो। एनआरएनए जापानका अध्यक्ष सुभाष लामिछाने तथा कार्यक्रम संयोजक कामना भण्डारीसहित जापानस्थित नेपाली समुदायका प्रतिनिधि तथा विभिन्न व्यक्तित्वहरूको सहभागिता रहेको उक्त सभामा बाढीमा परी दिवंगत भएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरिएको थियो। साथै, विपद्बाट प्रभावित परिवारजनप्रति गहिरो दुःख व्यक्त गर्दै धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित हार्दिक समवेदना प्रकट गरिएको थियो। उक्त कार्यक्रमले विपद्का समयमा नेपाली समुदायबीच एकता, मानवीय संवेदना र आपसी सहयोगको भावना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको थियो।



YehеyRemit

Yehey Japan Co.Ltd.
〒101-0025 東京都千代田区神田佐久間町3-21 Inter Act Bldg 3F
101-0025 Tokyo-to, Chiyoda-ku, Kanda Sakumacho 3-21 Inter Act Bldg 3F
TEL:03-4550-1407
FAX:03-5681-4441

2559449
·10-08

取引内容 Transaction Details

Reference Number	YR12559449
Transaction Date	2026-10-08
Delivery Method	Bank Transfer
Bank Name:	Head Office
Bank Account:	03407010441278
Payout Partner	Esewa

取引金額 Transaction Amount

Receiver will Get	₹ 970,000
Exchange Rate:	0.97
Send Amount:	¥ 1,000,000
Transfer Fee:	¥ 0
Collected Amount:	¥ 1,000,000

YJC00016
COMPANY, NRNA JAPAN
169-0073 , 1-17-7 WEZON OGUNA 506 , Shinjuku-ku , TOKYO-TO

NRNA, EMERGRNCY FUND
KATHMANDU



FOREX JAPAN CO. LTD
FOREX JAPAN CO. LTD
Kanto Local Finance Bureau 00029
〒 144-0051
Tokyo-To Ota-Ku Nishikamata 7-29-5 New Kamata Bldg 703
Tel:03-6868-0808

ER INFORMATION

orate Name	NRNA JAPAN	Membership Card	A0010000034
ess	262-0025 CHIBA-KEN,CHIBA SHI HANAMIGAWA KU,HYAKUNINCHO 1-17-5-506 JAPAN		
nality	NEPAL		
of Birth	1990-12-18	Mobile No.	08041459955

IVER INFORMATION

ut Country	NEPAL		
iver's Name	EMERGENCY FUND NRNA	Payment Mode	Bank Transfer
act No	0000000000 Mobile 0000000000	Correspondent	TRANS CASH INTERNATIONAL
ess	Kathmandu NEPAL	Bank Name	Global IME Bank ltd KATHMANDU
		Branch	KATHMANDU
		Account No	03407010441278

ve Amount NPR: Nine Hundred Fifty Thousand and 00 Only

Transaction ID
Authorized:HO:ENIKA
2026-08-31 12:16:59 PM
Collected Amount
1,000,000.00
Service Charge
0 JPY
Transfer Amount
1,000,000.00 JPY
Exchange Rate
0.95 NPR
Receive Amount
950,000.00 N
Serial:1251793
Deposit Type
CASH

ABOVE INFORMATION IS CORRECT AND I DECLARE THAT I READ TERMS AND CONDITIONS





भोटेकोसी बाढीपीडितलाई आर्थिक सहयोग

भोटेकोसी बाढीबाट प्रभावित पीडितहरूलाई राहत तथा पुनर्स्थापनाका लागि सहयोग पुऱ्याउने उद्देश्यले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानले आर्थिक सहयोग संकलन अभियान सञ्चालन गरेको थियो। उक्त अभियानअन्तर्गत एनआरएनए जापानसँग आबद्ध पदाधिकारी तथा सदस्यज्यूहरूबाट आर्थिक सहयोग संकलन गरी हालसम्म करिब ४० लाख जापानी येन अन्तर्राष्ट्रिय समन्वय परिषद् मार्फत भुक्तानी गरिसकिएको छ। साथै, संकलन हुन बाँकी रहेको रकमसमेत संकलन गरी सम्बन्धित निकायमार्फत पीडितहरूको सहयोगार्थ उपलब्ध गराउने प्रक्रिया अघि बढाउने प्रक्रियामा छ।

यस मानवीय अभियानमा आर्थिक सहयोग प्रदान गर्नुहुने सम्पूर्ण पदाधिकारी, सदस्य तथा सहयोगी मनहरूप्रति एनआरएनए जापान हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछ। यस अभियानले विपद्का समयमा नेपाली समुदायको एकता, सहकार्य र मानवीय सेवाप्रतिको प्रतिबद्धतालाई थप मजबुत बनाएको छ।

एसियन गेम्समा कास्य पदक विजेता तेनमिङ शेर्पालाई सम्मान







२०औँ एसियन गेम्स—२०२६ मा नेपालका लागि कास्य पदक जित्न सफल नेपाली खेलाडी तेनमिङ शेर्पालाई गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् एनआरएनए जापानले सम्मान गरेको थियो।

अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा नेपालको गौरव र प्रतिष्ठा अभिवृद्धि गर्दै राष्ट्रको नाम उच्च राख्न महत्वपूर्ण योगदान पुऱ्याएको कदरस्वरूप एनआरएनए जापानका अध्यक्ष सुभाष लामिछाने र महासचिव श्याम शीतलको हस्ताक्षरयुक्त सम्मानपत्र प्रदान गरिएको थियो।

सम्मान कार्यक्रममा खेलाडी शेर्पाको ऐतिहासिक उपलब्धिको प्रशंसा गर्दै आगामी दिनमा पनि खेलकुद क्षेत्रमा थप सफलता हासिल गर्न सकून् भन्ने शुभकामना व्यक्त गरिएको थियो। यस सम्मानमार्फत नेपाली खेलाडीहरूको हौसला अभिवृद्धि गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा नेपालको पहिचान स्थापित गर्न योगदान पुऱ्याउने प्रतिभाहरूलाई प्रोत्साहन गर्ने एनआरएनए जापानको प्रतिबद्धता व्यक्त गरिएको थियो।

नेपाली राजदूतावास टोकियोको घुम्ती सेवा सञ्चालनमा एनआरएनए जापानको समन्वय

जापानमा विभिन्न क्षेत्रमा बसोबास गर्ने नेपाली समुदायलाई नेपाली राजदूतावास टोकियोबाट प्रदान गरिने राहदानी नवीकरणलगायतका विभिन्न कन्सुलर तथा प्रशासनिक सेवाहरू सहज रूपमा उपलब्ध गराउने उद्देश्यले नेपाली राजदूतावास टोकियोको आयोजनामा र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको व्यवस्थापन तथा समन्वयमा जापानका विभिन्न क्षेत्रमा घुम्ती सेवा शिविर सञ्चालन गरिएको थियो।

उक्त घुम्ती सेवा सञ्चालनका लागि एनआरएनए जापानले विभिन्न क्षेत्रीय समितिहरूसँग समन्वय गरेको थियो भने सम्बन्धित क्षेत्रीय समितिहरूले स्थानीय स्तरमा आवश्यक व्यवस्थापन तथा सहयोग गरेका थिए। विशेषगरी राहदानी नवीकरणजस्ता सामान्य सेवाका लागि समेत जापानका टाढा–टाढाका क्षेत्रबाट समय र ठूलो आर्थिक खर्च व्यहोरेर टोकियोस्थित नेपाली राजदूतावाससम्म पुग्नुपर्ने बाध्यतालाई यस कार्यक्रमले न्यूनीकरण गरेको थियो। आफ्नै पायक पर्ने स्थानमा सेवा प्राप्त गर्न पाउँदा हजारौँ नेपाली सेवाग्राही प्रत्यक्ष रूपमा लाभान्वित भएका थिए।

यसबाट सेवाग्राहीको समय, श्रम तथा यातायात खर्चको बचत हुनुका साथै जापानमा रहेका नेपाली समुदायको कन्सुलर सेवामा पहुँच विस्तार गर्न महत्वपूर्ण योगदान पुगेको थियो। यस्तो सहकार्यले नेपाली राजदूतावास र जापानस्थित नेपाली समुदायबीचको समन्वय तथा सहकार्यलाई समेत थप सुदृढ बनाएको थियो।






बिबिध सामाजिक तथा मानवीय सेवा एवं समन्वयसम्बन्धी कार्यहरू

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानले जापानमा रहेका नेपाली समुदायका विभिन्न सामाजिक, पारिवारिक तथा व्यक्तिगत समस्याहरूको समाधान र सहजीकरणका लागि निरन्तर पहल गर्दै आएको छ। यस अवधिमा सम्पन्न प्रमुख कार्यहरू निम्नानुसार रहेका छन्।

- झैझगडा तथा मेलमिलाप: नेपाली समुदायबीच उत्पन्न भएका विवाद, झैझगडा तथा आपसी असमझदारीका ४१ वटा घटनामा सहजीकरण गरी मेलमिलाप गराइएको।
- विद्यार्थीसम्बन्धी समस्या: जापानमा अध्ययनरत नेपाली विद्यार्थीहरूका विभिन्न समस्यासम्बन्धी २३ वटा घटनामा आवश्यक समन्वय तथा सहजीकरण गरिएको।
- मृत्यु तथा अन्त्येष्टिसम्बन्धी सहयोग: जापानका विभिन्न क्षेत्रमा निधन भएका नेपालीहरूको दाहसंस्कार तथा अन्त्येष्टिसम्बन्धी १११ वटा घटनामा आवश्यक सहयोग र समन्वय गरिएको।
- शव नेपाल पठाउने प्रक्रिया: जापानमा निधन भएका नेपालीहरूको पार्थिव शरीर नेपाल पठाउनेसम्बन्धी ५ वटा घटनामा आवश्यक प्रक्रिया तथा समन्वय गरिएको।
- आर्थिक लेनदेनसम्बन्धी समस्या: नेपाली समुदायबीच देखिएका आर्थिक लेनदेन तथा कारोबारसम्बन्धी २५ वटा समस्यामा सहजीकरण तथा समाधानका लागि पहल गरिएको।
- रोजगारीसम्बन्धी सहयोग: रोजगारी नपाएका तथा कामको खोजीमा रहेका नेपालीहरूका लागि ३५ वटा घटनामा रोजगारदाता तथा सम्बन्धित पक्षसँग समन्वय गरी सहयोग गरिएको।
- अन्य विविध समस्याहरू: जापानमा रहेका नेपाली नागरिकहरूका पारिवारिक, सामाजिक, कानुनी, प्रशासनिक तथा अन्य व्यक्तिगत समस्याहरूमा आवश्यकताअनुसार निरन्तर सहयोग, परामर्श र समन्वयका कार्यहरू गरिएको।
- यसरी संघले जापानवासी नेपालीहरूको सुखदुःखमा साथ दिँदै समस्यामा परेका नेपालीहरूलाई आवश्यक सहयोग, सहजीकरण र अभिभावकीय भूमिका निर्वाह गर्दै आएको छ। यी कार्यहरूले संघप्रतिको विश्वास र सामाजिक उत्तरदायित्वलाई थप मजबुत बनाएको विश्वास लिएका छौं।